Office of Language Access (भाषा पहुँचको कार्यालय)
भाषा पहुँच उजुरी प्रक्रिया

यस कागजातले कुनै पनि अदालत-सम्बन्धी कार्यक्रममा दोभाषे नियुक्त गर्न वा अन्य भाषा सहायता प्रदान गर्न स्थानीय अदालतको असफलतालाई रिपोर्ट गर्न उजुरीका लागि चालिने कदमहरूको विस्तृत विवरण दिन्छ। उजुरीकर्ताले Kentucky Court of Justice सँगका निजका अन्तरक्रियाहरूसँग सम्बन्धी कुनै पनि भाषा पहुँच समस्या सम्बन्धी उजुरी दायर गर्न सक्नेछ। कृपया सचेत हुनुहोस् कि भाषा पहुँच उजुरी दायर गर्नाले कुनै पनि अन्तर्निहित निर्णय वा आदेशको अपील स्थापित हुँदैन। **उजुरीकर्ताको अनुरोधमा, भाषा पहुँचको कार्यालय** (Office of Language Access, **भाषा पहुँचको कार्यालय**) **ले दोभाषेको पहुँच गराउने, उजुरी प्रक्रिया पूरा गर्न उजुरीकर्ताको सहायता गर्ने सहित उचित भाषा पहुँच सेवाहरू प्रदान गर्नेछ।**

**1. उजुरीलाई प्रक्रियामा लैजाने।** निम्न मध्ये कुनै एउटा कार्य मार्फत कुनै व्यक्तिले उजुरी दायर गर्न सक्नेछ:

• **अनलाइन उजुरी फाराम** भरेर उजुरीलाई अनलाइन नै दायर तथा पेश गर्न सकिन्छ।

• 502-573-2350 मा फोन गरी **भाषा पहुँचको कार्यालय**मा ट्रान्सफर गर्न अनुरोध गरेर पनि फोन मार्फत उजुरी दायर गर्न सकिन्छ। दोभाषेको सहायतामा, **भाषा पहुँचको कार्यालय**को प्रतिनिधिले उजुरीकर्तासँग व्यक्तिगत रूपमा कुरा गर्नु हुनेछ र उजुरी प्रक्रियालाई अगाडि बढाउनका लागि आवश्यक जानकारी लिनु हुनेछ।

• निम्न ठेगानामा लिखित उजुरी पत्र पठाएर पनि उजुरी दायर गर्न सकिन्छ:

Administrative Office of the Courts
Address: Office of Language Access
1001 Vandalay Drive
Frankfort, KY 40601

**2. ग्रहण।** भाषा पहुँचको कार्यालयले उजुरीको समीक्षा गर्नेछ र उजुरीकर्ताबाट सबै प्रासंगिक जानकारी प्राप्त गर्नेछ। प्रारम्भिक ग्रहणमा, यदि उजुरी योग्य भएको निर्धारण गरिएमा, **भाषा पहुँचको कार्यालय**ले ट्र्याकिङ र दर्ता प्रक्रियाहरूका लागि उजुरीलाई ग्रहण संख्या निर्दिष्ट गर्नेछ। यदि, यद्यपि, प्रारम्भिक ग्रहणमा उजुरी योग्य नभएको निर्धारण गरिएमा, **भाषा पहुँचको कार्यालय**ले उजुरीलाई अस्वीकार गर्नेछ र अतिरिक्त कार्यवाही गरिनेछैन भनी उजुरीकर्तालाई सूचित गर्नेछ।

**3. उजुरीको प्राप्ति-सूचना।** समय संवेदनशील विषयका मुद्दाहरूमा बाहेक, उजुरी प्राप्त भएको सम्बन्धमा सूचना दिनका लागि **भाषा पहुँचको कार्यालय**ले पत्राचार, इमेल वा टेलिफोन मार्फत 10 व्यावसायिक दिन भित्रमा उजुरीकर्तालाई प्रतिक्रिया दिनेछ। **भाषा पहुँचको कार्यालय**ले उजुरीको पूर्ण रूपमा छानबिन गर्नका लागि उजुरी प्राप्ति सूचना समयमा उजुरीकर्तासँग अतिरिक्त जानकारी र/वा कागजात पनि अनुरोध गर्न सक्नेछ। समय संवेदनशील उजुरी (उदाहरणका लागि, 10 व्यावसायिक दिनको समाप्ति पूर्व अनुसूचित आगामी सुनुवाई सम्बन्धी उजुरी) को

सम्बन्धमा, **भाषा पहुँचको कार्यालय**ले समयमा नै कुनै पनि मान्य मुद्दाको समाधान गर्ने प्रयासमा उजुरी प्राप्ति सूचना दिनेछ र अनुवर्ती छानबिन शीघ्र सुरु गर्नेछ।

**4. स्थानीय अदालतलाई सूचना।** अनुरोध गरिएका सबै जानकारी र/वा कागजात प्राप्तिमा, **भाषा पहुँचको कार्यालय**ले उजुरी प्राप्त गरिएको छ भनी अदालतलाई सूचित गर्नका लागि निर्दिष्ट उजुरी विरुद्ध स्थानीय अदालतमा पत्र पठाउनेछ। उजुरीसँग सरोकार राख्ने सबै प्रासंगिक विवरणहरू यस पत्रमा समावेश हुनेछ। कृपया **भाषा पहुँचको कार्यालय**का कर्मचारी वा ठेकेदारसँग सम्बन्धित सबै उजुरीहरू अदालतको केन्टकी प्रशासनिक कार्यालय (Kentucky Administrative Office of the Court, केन्टकी एडमिनिस्ट्रेटिभ अफिस अफ तहे कोर्ट)का स्थापित आन्तरिक कर्मचारी अनुशासनात्मक प्रोटोकल प्रयोग गरी व्यवस्थापन गरिने कुरामा ध्यान दिनुहोस्।

**5. उजुरीको छानबिन।** भाषा पहुँचको कार्यालयले उजुरीको प्राप्ति सम्बन्धमा स्थानीय अदालतलाई सूचित गरेको 10 व्यावसायिक दिनभित्रमा उजुरीमा उल्लेख गरिएका आरोपहरूको छानबिन सुरु गर्नेछ। प्रत्येक उजुरीको विवरणहरूको आधारमा छानबिन प्रक्रिया फरक हुने भएतापनि, सम्भावित गतिविधिहरूमा न्यायाधीश, क्लर्क र दोभाषेहरू सहित उजुरीसँग सम्बन्धित व्यक्तिहरूको अन्तर्वार्ता लिने र अन्तर्वार्ता प्रक्रिया अवधिमा सङ्कलन गरिएका सबै जानकारीको लिखित कथनहरू लिने कुरा समावेश छन्।

**6. कानुनी सेवाहरूको कार्यालय** (**Office of Legal Services**)**, अफिस अफ लिगल सर्भिसेस)द्वारा समीक्षा।** छानबिनको समाप्तिमा, भाषा पहुँचको कार्यालयले सबै लिखित कथनहरू र प्रस्तावित विचार सहित यसका परिणामहरू समीक्षाका लागि कानुनी सेवाहरूको कार्यालयमा पठाउने छ। कानुनी सेवाहरूको कार्यालयद्वारा उपलब्ध गराइएको मार्गदर्शनको आधारमा, भाषा पहुँचको कार्यालयले प्रस्तावित विचार कार्यान्वयन गर्न, स्थानीय अदालतले नयाँ समाधान कार्यान्वयन गर्छ भनी प्रस्ताव गर्न स्थानीय अदालतलाई निर्देश गर्नेछ वा उजुरी योग्य छैन भनी स्थानीय अदालतलाई सूचित गर्नेछ। स्थानीय अदालतलाई कुनै पनि प्रस्तावित वा सुझावित विचारको कार्यान्वयन पछि भाषा पहुँचको कार्यालयमा प्रगति रिपोर्ट फाइल गर्न आवश्यक हुनेछ।

**7. उजुरीकर्तालाई सूचना।** भाषा पहुँचको कार्यालयले उजुरीको समाधानको रूपमा स्थानीय अदालतद्वारा कार्यान्वयन गरिनु पर्ने विवरण सहित प्रगति रिपोर्टको प्राप्तिको 10 व्यावसायिक दिनभित्रमा उजुरीकर्तालाई पत्र पठाउने छ।

**8. डेटाबेस र सार्वजनिक पहुँच।** भाषा पहुँचको कार्यालयले उजुरीहरूको डेटाबेस, तिनीहरूको समाधानका लागि लिनुपर्ने चरणहरूलाई कायम राख्नेछ र अनुरोध गरिएमा तिनीहरूलाई सर्वसाधारणलाई उपलब्ध गराउने छ।

**9. प्रतिशोधमा प्रतिबन्ध।** "प्रापक वा अन्य व्यक्तिले शीर्षक VI द्वारा सुरक्षित कुनै पनि अधिकार वा विशेषाधिकारमा हस्तक्षेप गर्ने प्रयोजनका लागि वा उजुरी दायर गर्ने व्यक्तिले यस सह-भाग अन्तर्गत छानबिन, कार्यबाही वा सुनुवाईमा कुनै पनि रूपमा उजुरी गरेको, बयान दिएको, सहायता गरेको वा सहभागी भएको कारण उक्त व्यक्तिलाई धम्काउने, डराउने, बल प्रयोग गर्ने वा विभेद गर्ने छैनन्। 28 C.F.R. § 42.108(e)